वातावरण संरक्षण र जलवायु परिवर्तन
अनुकुलनका लागि महिला चासो



# सफलताका कथाहरू

GAGGA GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION

fcam Both ENDS mama cash

Prakriti Resources Centre

# कृतज्ञता

यी सफलताका कथाहरू प्रकृति रिसोर्सेस् सेन्टरद्वारा सञ्चालित Increasing Women's Influence in Local Governance for Gender and Climate Smart Plans and Programme परियोजनाका परिणाम हुन् । बोथ एण्डस् र गोबल एलायन्स फर ग्रिन एण्ड जेन्डर एक्सन (गागा) जसको आर्थिक सहयोगबिना यो परियोजना सम्भव हुने थिएन उनीहरूप्रति हामी आभार ब्यक्त गर्दछौं । परियोजनासँग सम्बद्ध महिला समूहहरूको अथक प्रयास र कटिबद्धताका परिणामस्वरूप यी सफलता प्राप्त भएका हुन् । उहाँहरूप्रति हामी कृतज्ञ छौं । यो परियोजनासँग प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सबै र परियोजनामा योगदान गर्ने सबै पालिका तथा अन्य सरकारी संस्था र प्रतिनिधिहरू हाम्रा धन्यवादका पात्र हुन् ।

**लेखन/सम्पादन : रघुनाथ लामिछाने**

**समन्वय : प्रदीप भट्टराई**

**सल्लाह : प्रविनमान सिंह र विनय धिताल**

**प्रकाशन : प्रकृति रिसोर्सेस् सेन्टर**

©Prakriti Resources Centre (PRC), 2020

---

**नोट :** यस प्रकाशनका कुनै पनि अंश प्रकृति रिसोर्सेस् सेन्टरप्रति साभार विद्युतीय, यान्त्रिक वा अन्य कुनै माध्यमबाट उद्धृत गरी प्रयोग गर्न सकिनेछ ।

**प्रकृति रिसोर्सेस् सेन्टर**
१०७/२२ अरुणा लामा मार्ग, गणेश बस्ती,
नारायण गोपाल चोक, काठमाडौं, नेपाल
फोन नम्बर ०१-४४२८६०२
info@gmail.com | www.prc.org.np

# यस पुस्तकमा

प्रकृति रिसोर्सेस् सेन्टरले बोथ एण्डस् र गोबल एलायन्स फर ग्रिन एण्ड जेन्डर एक्सन (गागा) नामक संस्थाको आर्थिक सहयोगमा नेपालमा 'Increasing Women's Influence in Local Governance for Gender and Climate Smart Plans and Programmes' परियोजना कार्यान्वयन गरेको छ । यो परियोजनाले बगमती प्रदेशका वातावरण र लैङ्गिक क्षेत्रमा काम गर्ने पाचँवटा महिला समूहहरूको क्षमता वृद्धि गर्न सहयोग पुऱ्याएको छ । ती महिला समूहहरू ओजश्वी महिला विकास केन्द्र, नागार्जुन नगरपालिका, प्रगतिशील महिला बहुउद्देश्य कृषि समूह, कागेश्वरी मनोहरा नगरपालिका, सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी संस्था, बेथानचोक गाउँपालिका, माईति मञ्च दोलखा, भीमेश्वर नगरपालिका र करम्बोट कृषक महिला समूह मन्थली नगरपालिका रहेका छन् ।

यस परियोजनाले महिला समूहहरूको ज्ञान र क्षमताहरू बढाउँदै वातावरण र जलवायु परिवर्तनमा काम गर्न सहयोग पुऱ्याएको छ । यसका लागि परियोजनाले यि समूहहरूलाई जलवायु परिवर्तन, जलवायु वित्त, वातावरण संरक्षण, जलवायु परिवर्तन र बिग्रँदो वातावरणले महिलाहरूमा पार्ने प्रभाव, जलवायु परिवर्तन अनुकुलन, पालिका तहको योजना तथा बजेट निर्माण प्रक्रिया, पैरवी तथा नेतृत्व सीप आदि विषयमा ज्ञान र क्षमता अभिवृद्धि गर्न सहयोग गरिरहेको छ ।

महिला समूहहरूले हाल सम्बन्धित नगरपालिकाका योजना, कार्यक्रम र बजेट निर्माण प्रक्रियामा आफ्ना सुझावहरू राख्ने र त्यस्ता नीति, योजना र बजेटलाई जलवायु परिवर्तन र लैङ्गिक उत्तरदायी बनाउनेतर्फ जोड गरिरहेका छन् । साथै यी समूहहरू आफैंले वातावरण र जलवायु क्षेत्रमा काम गर्न सुरु गरेका छन् । केही महिला समूहले नगरपालिकाबाट अनुदान प्राप्त गर्न सफल भई वातावरण र जलवायु परिवर्तन सम्बन्धी विभिन्न गतिविधिहरु कार्यान्वयन गरिरहेका छन् । सशक्त हुँदैआएका महिलाहरूले महिला र समग्र समुदायलाई फाइदा पुग्ने किसिमका योजना छलफल र निर्माण गर्ने, सम्भव भएसम्म पालिकाको सहयोगमा ती योजना आफैं सञ्चालन गर्ने वा पालिकाहरूलाई ती योजना पेश गरी समग्र कार्यक्रममा समावेश गर्न अनुरोध गर्नेजस्ता कामहरू पनि गर्दै आएका छन् ।

यसै क्रममा महिला समूहहरूले उत्साहजनक सफलता र प्रगति हासिल गरेपनि सकेका छन्, जसलाई यस पुस्तकमा समेट्ने प्रयास गरिएको छ । यी सफलताका कथाहरूले उस्तै परिवेशमा कार्यरत तथा केही गर्न जमर्को गरिरहेका अन्य महिला समूहहरूलाई पनि उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ । सथै यस पुस्तकमा प्रकृति रिसोर्सेस् सेन्टर र टेवाको सहकार्यमा भएका केही राम्रा काम र जलवायु र विकास संवादले नेपालमा जलवायु र विकासका क्षेत्रमा पुऱ्याएको योगदानलाई पनि प्रस्तुत गरिइएको छ ।

# कथा-सूची




हराभरा भयो बाँझिएको जमिन ... १



तालिमले आँखा खुलाइदिएपछि ... ४



नगरको हरियालीका लागि प्रयासहरू ... ८



सामाजिक उत्तरदायित्वतर्फ सहकारी ... ११



ध्यान व्यावहारिकतामा ... १४



जब टेवा र पिआरसीको भेट भयो... ... १७



प्रभावकारी बन्दै सि एन्ड डि डायलग ... २१

# १ हराभरा भयो बाँझिएको जमिन



**पद्मकुमारी श्रेष्ठ**
*अध्यक्ष,*
*करमबोट कृषक महिला समूह*
मन्थली नगरपालिका-२, रामेछाप

## डेढ वर्ष अघिसम्म

बारी हो तर पशु/पक्षी चरिरहेका हुन्थे । बालबालिका र युवा फुटबल खेलिरहेका देखिन्थे । त्यसैले मन्थलीबाट दोलखा जाने राजमार्गछेउकै करमबोट स्थित यो जग्गा चौर नै ठान्थे सबै बटुवा । सधैँभरि सुक्खा रहने यो जग्गामा एक बाली मकै लगाउने बाहेक अरु बेला पूरै बाँझो हुन्थ्यो । त्यसैले जग्गावालहरु चिन्तित हुँदै आएका थिए ।

## अहिले

अब यो जग्गा न फुटबल खेल्ने चौर हो न त पशु चरन क्षेत्र नै । यहाँ जुनसुकै बेला पनि तरकारी र अन्य बाली लगाइएको देखिन्छ । यसरी सधैँ सुक्खा देखिने र उजाड जमिनमा बाली लगाउन थालेपछि एकातिर कृषकको खाद्यान्न उत्पादनमा सघाउ पुगेको छ भने अर्कोतर्फ हरियाली कायम हुन सकेको छ । केही वर्षदेखि लगातार यो ठाउँबारे थाहा पाइरहेका कतिपय बटुवा त 'चौरमा पनि खेती गर्न थालेछन्' भन्ने प्रतिक्रिया व्यक्त गर्दै बाटो काट्ने पनि गर्छन् ।

## के हो त वास्तविकता ?

खासमा यो चौर थिएन । न सरकारी र सार्वजनिक जग्गै थियो । सिँचाइको व्यवस्था नभएकाले प्रायः बाँझै रहन्थ्यो । बाँझै रहेपछि खेल्ने नै भइहाले । अनि गाईवस्तु पनि चर्ने नै भइहाले । रामेछापको सदरमुकाम मन्थलीबाट करिब ४ किलोमिटर दूरीमा पर्ने करिब २.५४ हेक्टर (५० रोपनी) यो जग्गा करमबोट कृषक महिला समूहका १५-१६ जना सदस्यको थियो । छ न त यो जग्गाकै साँधबाट ठूलो तामाकोसी बग्थ्यो नि, तर के गर्नु, आफ्नो खेत अग्लो ठाउँमा, कोसी गहिरोबाट बग्ने । त्यसैले निराश थिए यो जग्गाका धनी । तल बाह्रै महिना कल कल बग्ने नदी हेर्ने, माथि आफ्नै जग्गा सुक्खा बसेको हेर्नुको विकल्प थिएन उनीहरुसँग ।

## परिवर्तनको कारण

करमबोट कृषक महिला समूहकी अध्यक्ष पद्मकुमारी श्रेष्ठले सुनाइन्- हामीलाई सहयोग गरिरहेको हिमवन्ती नामक संस्था मार्फत प्रकृति रिसोर्सेस सेन्टरसँग

जोडिन पुग्यौँ । त्यसपछि पिआरसीले आयोजना गरेको एउटा तालिममा सहभागी भयौँ । उक्त तालिम जलवायु परिवर्तन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित थियो । यस्ता कामका लागि कसरी र कहाँबाट बजेट ल्याउन सकिन्छ र त्यसको प्रक्रिया के हो भन्नेबारे पनि हामीलाई जानकारी दिइयो । यसरी जानकारी पाएपछि पद्मकुमारीहरू चूपचाप बसेनन् । आफ्नो पालिकामा गए र कोसी नजिकै हुँदाहुँदै पनि आफ्नो जग्गा बाँझो रहेको वास्तविकता जानकारी गराए । एक चरणको कुराकानीपछि उनीहरूले कोसीको पानी मेसिनद्वारा थियो । धन्न वडाध्यक्षसमेत पिआरसीले आयोजना गरेको तालिममा आफैँ सहभागी भई लक्षित बजेट र महिला अधिकारको महत्व बुझेकाले यो समूहलाई आफ्नो माग पूरा गराउन सहज भयो । अहिले पालिकाको बजेटमा पिआरसीको केही आर्थिक सहयोग र स्थानीयको थपथापबाट किनिएको मेसिन र पाइपबाट उनीहरूको सुक्खा जमिन हरियालीमा परिणत भएको छ । चौर र चरन ऊर्वर भूमिमा रूपान्तरण भएको छ । पद्मकुमारी थप्छिन्- यसबाट हाम्रो समूहका १५-१६ घर सदस्यको जमिनमा सिँचाइ सुविधा पुगेको छ । सिँचाइ हुन थालेपछि सबैले



*आफ्नो बारीमा काम गर्दै करमबोट कृषक समूहका सदस्यहरू ।*

तान्ने र खेतमा सिँचाइ गर्ने अनि तरकारीलगायतका बाली लगाउने योजना बनाए । त्यसपछि आवश्यक बजेट माग गरे । स्थानीय सरकारसँग स्रोत सीमित हुन्छ तर बजेट माग्नेहरू भने धेरै हुन्छन् । त्यसैले यो महिला समूहले आफ्नो माग जायज भएको विश्वास दिलाउन केही चरणका छलफल नै आवश्यक परेको

जाँगर लगाउन थालेका छन् । जसले गर्दा उनीहरूको जीविकोपार्जन सहज हुन पुगेको छ ।

यतिबेला यो जमिनमा तरकारी खेती गरेर धेरैले आफ्नो जीविका सहज तुल्याएका छन् भन्ने गतिलो उदाहरण बनेका छन् टीकाबहादुर कार्की । उनी भारतबाट फर्केर त्यत्तिकै बसेका थिए । आम्दानी

नभएकाले जीविकामै समस्या परेको गुनासो गर्दै आएका थिए । जब करमबोट कृषक महिला समूहका सदस्यले तालिमबाट थाहा पाएर पालिकामा गई बजेट माग गरेर वर्षौंदेखि बाँझै रहेको जमिनमा सिँचाइको व्यवस्था मिलाए, त्यसपछि टीकाबहादुरले पनि तरकारी खेती गर्न थाले । हाल उनको आम्दानीको एकमात्र स्रोत नै यही तरकारी खेती बन्न पुगेको छ । र, परिवारको जीविका सहज बन्न थालेको छ । चित्रबहादुर मगर त यही जग्गामा खेती गरेर सबैभन्दा बढी तरकारी उत्पादन गर्ने कृषकका रूपमा समेत चिनिएका छन् यतिबेला । मन्थलीबाट समेत ताजा र अर्गानिक तरकारी लिन दैनिक मानिस आउने गरेका जानकारी दिँदै पद्मकुमारी थप्छिन्– लकडाउनका बेला त मन्थलीलगायत विभिन्न ठाउँबाट गाडी नै लिएर यहाँ तरकारी उठाउन आउँथे । यसले गर्दा तरकारी नलगाउने अन्यले पनि हाल तरकारी लगाउन थालेको उनको भनाइ छ ।

सिँचाइको व्यवस्था हुनुअघि यहाँको जग्गा भाडामा दिनेबारे कुरा चलेको थियो । कतिपय जमिन त दिने पक्का पनि भइसकेको थियो । पद्मकुमारीले सुनाइन्– सिँचाइको व्यवस्था भएपछि त भाडामा दिने पक्का भइसकेको जमिनसमेत स्थानीयले दिन मानेनन् । अहिले आफैँ खेती गर्छन् ।

यसरी सिँचाइ योजना पारेर बजेट ल्याइ त्यसबाट फाइदासमेत लिन सकेपछि यो कृषक महिला समूहका सदस्य निकै हौसिएका छन् । त्यसपछि लगत्तै उनीहरूले तरकारी सङ्कलन केन्द्र भवन निर्माणका लागि बजेट माग गरे । 'अघिल्लो पटक तपाईँहरूलाई सिँचाइका लागि बजेट दियौँ, यो पटक करमबोटकै तामाकोसी कृषक महिला समूहलाई सहयोग गर्छौँ, अर्को पटकचाहिँ तपाईँहरूको भवनका लागि बजेट छुट्याउँला भनेका छन् पालिकाका जनप्रतिनिधिले', पद्मकुमारीले सुनाइन्– हामीले भवन बनाउन ५ लाखभन्दा कमले पुग्दैन, बरू अर्को वर्ष देऊ तर भवन बनाउन पुग्ने देऊ भनेका छौँ । उनीहरू सकारात्मक देखिएका छन् ।

यसबाट पनि यो समूहका महिलाको आत्मविश्वास कति बढेको छ भन्ने प्रस्ट हुन्छ । त्यसो त प्रकृति रिसोर्सेस् सेन्टरले आयोजना गरेको तालिममा यो कृषक समूहका महिलामात्र सहभागी थिएनन्, उपमेयर मायाकुमारी कार्की, वडाध्यक्ष जनक खत्री र ममिता श्रेष्ठ पनि सहभागी थिए । त्यही कारण उनीहरूले पनि वातावरण संरक्षण र लक्षित बजेटबारे सबै महत्व र प्रक्रिया बुझेकाले पनि पद्मकुमारीहरूलाई सहज भएको हो ।

आफूहरूले तालिममा प्रस्तावपत्र पनि लेख्न सिकेकाले योजना बनाउने, बजेट माग गर्ने कुरामा समस्या नरहेको बताउँदै पद्मकुमारीले थपिन्– ' यतिबेला हामी आफ्ना समस्याबारे बैठकमा छलफल गर्छौँ, मुख्य समस्या पहिचान गर्छौँ, त्यसका लागि अनुमानित बजेट निकाल्छौँ, अनि प्रक्रियागत हिसाबले स्थानीय सरकार तथा अन्य सम्भावित निकायमा पेस गर्छौँ । सम्बन्धित पदाधिकारीलाई मौखिकरूपमै पनि समस्या अवगत गराउँछौँ र त्यो किन समाधान गर्नु आवश्यक छ भनेर कन्भिन्स गर्छौँ'– तालिम लिएपछि आफूहरूमा आएको परिवर्तन यसरी प्रस्ट्याउँछिन् उनी ।

**म आफैँ पनि प्रभावित छु**

*जब म प्रकृति रिसोर्सेस् सेन्टरले आयोजित वातावरणसँग सम्बन्धित तालिममा सहभागी भएँ, त्यसबाट निकै लाभान्वित भएको महसुस गरेको छु । यो आफ्ना लागि आफैँ गर्नुपर्ने र घर वरिपरिबाटै सुरू गर्नुपर्ने काम रहेछ । त्यसैले अहिले करमबोट महिला कृषक समूहमात्र हैन, अरू समूहलाई पनि आफूले तालिमबाट थाहा पाएका कुरा बताउँछु र वातावरण संरक्षण तथा लक्षित बजेटबारे चासो राख्न सुझाउने गरेको छु ।*

**जनक खत्री, *वडाध्यक्ष, मन्थली नगरपालिका–२, रामेछाप***

# २ तालिमले आँखा खुलाइदिएपछि




**सरस्वती नेपाल**

*अध्यक्ष,*
*प्रगतिशील बहुउद्देश्यीय कृषक महिला समूह*
कागेश्वरी मनोहरा नगरपालिका-३, काठमाडौं


काठमाडौं स्थित कागेश्वरी मनोहरा नगरपालिका-३ स्थित थापाडाँडामा ९ वर्षअघि नै गठन भएको थियो- प्रगतिशील बहुउद्देश्यीय कृषक महिला समूह । यो समूह सरकारी निकायबाट अनुदानमा बीउविजन ल्याउने र कृषि उपकरणहरु खोजी गर्ने कार्यमा केन्द्रित भयो लामो समयसम्म । यसबीचमा सानातिना अनुदानका बाबजुद जिल्ला कृषि कार्यालयबाट खेत जोत्ने एउटा ट्र्याक्टर पनि ल्याउन सफल भयो ।

नामै कृषक समूह । त्यसैले आफ्नो खेतीपातीलाई सहज तुल्याउने उपायबारे सोच्नु र त्यसैका लागि प्रयास गर्नु स्वाभाविक पनि थियो । त्यसैले यो समूहका पदाधिकारी भनौं वा अगुवाहरु उत्पादन वृद्धि कसरी गर्ने भन्ने पक्षमा मात्र जोड दिन्थे । उत्पादनसँग जोडिएका अन्य पक्षबारे भने पूरै अनविज्ञ थिए । जस्तो- जैविक मल, मूल संरक्षण, वातावरणीय स्वच्छता जस्ता विषय पनि उत्पादनसँग सम्बन्धित हुन्छन् भन्ने उनीहरुलाई थाहै थिएन ।

यो समूहकी अध्यक्ष सरस्वती नेपाल सुनाउँछिन्- कुरो गत वर्ष जेठको हो । हाम्रो समूहलाई हिमवन्तीले प्रकृति रिसोर्सेस् सेन्टरसँग सम्पर्क गराइदियो । सेन्टरका सदस्यसँग केही पटकको छलफलपछि हामी उनीहरुले नै आयोजना गरेका ३ दिने नगरपालिका/गाउँपालिका तहमा सहभागितामूलक योजना तथा बजेट तर्जुमा प्रक्रिया विषयक तालिममा बस्यौं । उक्त तालिममा बसेपछि म लगायत हाम्रो समूहका ४ जनाले जलवायु परिवर्तनबारे मात्र हैन, यही कारण खाद्यान्न उत्पादनमा परिरहेको र पर्ने असरसमेत थाहा पायौं । कृषि उत्पादन वृद्धिका लागि स्वच्छ वातावरणको भूमिका थाहा पायौं र यसका लागि बिरूवा धेरै रोप्नुपर्नेबारे बुझ्यौं ।

उनीहरूले आफूले जानेका कुरा समूहका अन्य सदस्यबीच पनि बाँडचुँड गरे । अनि विभिन्नखाले बैठक र भेटघाटका अवसरमा पनि यस्ता कुराबारे जानकारी गराउने गरिएको तालिम लिएका सदस्यको

भनाइ छ । उनले थपिन्– त्यतिमात्र हैन, तालिमका क्रममा हाम्रो पानीका मुहानहरू संरक्षण गर्नुपर्नेबारे थाहा भयो । अति कम तथा बढी वर्षा हुनु, लामो समय खडेरी पर्नु, असाध्यै गर्मी हुनु आदि जलवायु परिवर्तनका कारण रहेछन् भन्ने थाहा भयो । अनि निमिट्यान्न पार्न नसके पनि यसका असरबाट बच्ने र क्षति कम गर्न सकिनेबारे पनि तालिमबाट थाहा भयो ।

लामो समय कृषक समूहको काम उत्पादन बढाउन तिर लाग्नेमात्र बुझेका सरस्वतीहरू त्यसपछि झस्याङ्ग भए । 'हो त नि, एकोहोरो उत्पादन बढाउने भनेरमात्र हुन्छ र ? यसका अवरोधबारे थाहा भएन र अनुकूलनका विधि अपनाएर अघि बढिएन भने कसरी उत्पादन बढ्छ र ?' भन्ने निष्कर्षमा पुगे । तालिमले खुलाइदिएको निद्रापछि नै हो, सरस्वती र उनको समूहले थापाडाँडाको मुहान संरक्षण गरेको । जहाँ ३ वटा मङ्गल बनाएका छन् र पाइपमार्फत पानी तल बाटोछेउ झारेका छन् । अब बजेट खोजेर ठूलो ट्याङ्कीमा जम्मा गर्ने र व्यवस्थिततवरले गाउँमा वितरण गर्ने योजना पनि उनीहरूले बुनिसकेका छन् । अब तत्कालै गाउँकै अर्को मुहान पनि सफा र संरक्षण गर्ने योजना बनाइसकेको छ यो समूहले ।

आफ्नै गाउँ भएर बग्ने महादेव खोलाले भूक्षय गर्न नसकोस् भनेर उनीहरूले अब त्यसको छेउछाउमा वृक्षरोपण गर्ने योजना पनि बनाएका छन् । यसका लागि भूक्षय पनि रोक्ने, आम्दानी पनि हुनेखालका बिरूवा खोजी भइरहेको सरस्वतीले जानकारी दिइन् । त्यतिमात्र हैन, वातावरण बिग्रनुका कारण खोज्दै जाने क्रममा खोलाको बालुवा चोरी पनि एउटा भएको थाहा पाए उनीहरूले । त्यसैले अब आफूहरू बालुवा चोरी नियन्त्रण गर्न पनि लागिपर्ने उनले सुनाइन् ।

अहिले त अर्थात तालिमपछि त यो समूहका सदस्यलाई वातावरण संरक्षण गर्ने नसा नै लागिसकेको छ भन्दा अत्युक्ति हुने छैन । त्यसैले त वातावरण मन्त्रालयका उपसचिव पुरूषोत्तम नेपाललाई निम्त्याएर वातावरण संरक्षरबारे प्रशिक्षणसमेत लिए । आफ्नै क्षेत्रका भएका कारण उपसचिवले महिला समूहका पदाधिकारीको आग्रह स्वीकार गरी समूहले व्यवस्थापन गरेकै ठाउँमा आएर यसका पदाधिकारी तथा सदस्यलाई प्रशिक्षण दिएका थिए । अहिले उनीहरूको गाउँमा पहिलेजस्तो प्लास्टिक यत्रतत्र छरिएको पाइन्न । समूहका ४० जना सदस्यमध्ये जसले देखे पनि टिप्छन् र डस्ट बिनमा हाल्छन् । अनि फोहोरो उठाउने गाडीलाई पठाउँछन् । 'हामी पहिले पहिले प्लाष्टिकको मतलवै गर्दैनथ्यौँ, त्यत्तिकै छाडिदिन्थ्यौँ कि भने बाल्थ्यौँ', सरस्वतीले सुनाइन्– जब हामीले यी दुवै तरिका वातावरणीय दृष्टिकोणले हानिकारक रहेछन् भन्ने थाहा पायौँ तबदेखि सकेसम्म प्लाष्टिक प्रयोग गर्दैनौ, गर्नै परे संकलन गर्ने र फोहोर व्यवस्थापनका लागि पठाउने गर्छौं ।

विषयवस्तु चयन सही भयो र सहभागीहरूको रूचिको विषय पनि भयो भने ३ दिनकै तालिम पनि कति प्रभावकारी हुँदोरहेछ भन्ने उदाहरण र प्रमाण दुवै हो प्रगतिशील नाम गरेको यो समूह । यो तालिमको आधा समय वातावरण संरक्षणसँग सम्बन्धित थियो भने आधा समयचाहिँ स्थानीय तहले उपलब्ध गराउने 'लक्षित बजेट' सँग । सरस्वतीहरूले पछिल्लो शीर्षकको तालिमबाट पनि भरमग्दुर फाइदा लिइरहेका छन् ।

आफूले काम गरिरहेको क्षेत्र वा आफूलाई आवश्यक परेको विषयमा स्थानीय सरकारबाट कसरी बजेट ल्याउन सकिने रहेछ, त्यसका लागि निवेदन लेख्नेदेखि योजना बनाउने हुँदै कार्यान्वयन गर्नेसम्मका विषयमा उनीहरूले यही तालिमबाट थाहा पाएका हुन् । नगरपालिकाले कुन कुन विषयमा कसरी बजेट छुट्याउँछ र त्यो आफ्ना लागि कसरी ल्याएर उपयोग गर्न सकिन्छ भन्नेबारे राम्रोसँग बुझेका यो समूहका महिला त्यसपछि यसबारे बुझ्न लगातार नगरपालिका धाउन थाले । 'तालिमलगत्तै हामीले नगरपालिकामा बुझ्दा विपद् व्यवस्थापनका लागि ५ प्रतिशतमात्र बजेट छुट्याएको थाहा पायौँ, त्यसबाट पनि खासै काम भएको रहेनछ । अनि यसलाई उपयोग गर्नेबारे घच्घच्याइरहेका छौँ'– सरस्वतीले भनिन् ।




*प्रगतिशील बहुउद्देश्यीय कृषक महिला समूहले आयोजना गरेको कार्यक्रममा सहभागी हुँदै सांसद सरिता न्यौपाने (दायाँबाट दोस्रो), पि.आर.सी.का सदस्य ।*

कहिल्यै नआउने महिलाहरु नगरपालिकामा विपद् व्यवस्थापनको बजेट र कार्यक्रम कार्यान्वयनबारे चासो राख्न आएपछि सम्बन्धित कर्मचारी र जनप्रतिनिधि पनि जिल्लै परे । त्यसपछि उनीहरुले नगरपालिकाको योजना सुनाए– हामी अब चाँडै सार्वजनिक जग्गा छुट्याउँछौं । अनि यो रकमबाट कतिपय ठाउँमा पार्क बनाउँछौं भने केही ठाउँमा वृक्षरोपण पनि गर्छौं । जब नगरपालिकाले महिला कृषक समूहसँग यसका लागि सहकार्य गर्ने सुनाए तब छलफलका लागि गएका सहभागी पनि मख्ख परेर फर्के ।

सांसद सरिता न्यौपानेलाई राखेर यो समूहले लक्षित समूह बजेट, त्यसको उपयोग र विपद् व्यवस्थापनमा आफूहरुको चासोबारे प्रकृति रिसोर्सेस् सेन्टरको सहयोगमा अन्तरक्रिया कार्यक्रम पनि आयोजना गर्‍यो । अनि नगरपालिकाका सम्बन्धित कर्मचारी र महिला समूहका सदस्यहरु बसेर पनि छलफल आयोजना गरे । यसबाट पनि थाहा हुन्छ कि यो समूहका सदस्यलाई तालिमपछि वातावरण संरक्षणप्रति जागेको नसा कति उच्च छ भन्ने । साथै तालिमबाट प्राप्त ज्ञानले उनीहरुलाई यस विषयमा जनप्रतिनिधिदेखि सम्बन्धित सरकारी अधिकारीसँग समेत निर्धक्क छलफल गर्ने र के के गर्न जरूरी छ भनेर घच्घच्याउने आत्मबल र साहस पनि प्रदान गरेको देखिन्छ । कृषि, महिला, विपद्, वातावरण जस्ता लक्षित विषयमा बजेट छुट्याइएको हुन्छ भन्ने थाहा पाएपछि के छाड्थे र यी परिश्रमी तथा सुझबुझवाला महिलाले । जैविक विषादी तथा मल बनाउनका लागि वडा कार्यालयमा बजेट माग गरेका छन् । नगरपालिकामा भने धान रोप्ने र काट्ने मेसिन उपलब्ध गराइदिन बजेट माग गरिरहेका छन् । वडा कार्यालयले मिनी टिलर दिने योजनासमेत बनाइसकेको छ । तर आफूहरुसँग एउटा ट्र्याक्टर भएकाले यो मिनी टिलरको योजना कटाएर भए पनि धान रोप्ने र काट्ने मेसिन हात पार्न यतिखेर उनीहरु पूरै लागिपरेका छन् ।

कसरी र कहाँबाट बजेट ल्याउन सकिन्छ भन्नेबारे तालिमले सिकाएपछि उनीहरुले सम्भाव्य सबै ठाउँमा पहल जारी राखे । यसैको परिणाम हो कि प्रदेश सरकारले उनीहरुलाई ४ लाख ८० हजार रूपियाँ दियो । जसबाट समूहभित्र तथा बाहिरका गरिब र

विपन्न २२ परिवारलाई १-१ वटा पाडी वितरण गरे । कृषिलाई उन्नत बनाउने योजनाअनुसार दूध र गोबर मलमा आत्मनिर्भर हुने योजनाअनुसार आफूहरूले बजेट खोजेर पाडी वितरण गरेको सरस्वतीले सुनाइन् ।

गएको चैतमा प्रकृति रिसोर्सेस् सेन्टरले वातावरण र लक्षित बजेटबारे पुनर्ताजगी तालिम पनि दिएको थियो । जतिबेला यो समूहका महिलाले आफूले तालिमबाट सिकेका कुरा, त्यसलाई उपयोगमा कसरी ल्याइएको छ र प्रभाव कस्तो परिरहेको छ भन्नेबारे सबैसामु प्रस्तुति पनि गरेका थिए । नगरपालिकाका प्रतिनिधि र अन्य कृषक समूहबीच भएको यो प्रस्तुतिले आगामी दिनमा सँगै अघि बढ्न अझै हौसला मिलेको उनको भनाइ छ ।

### उद्देश्य र सक्रियता दुवै राम्रो छ

*प्रगतिशील बहुउद्देश्यीय कृषक महिला समूह निकै सक्रिय छ । उनीहरूसँगको भेटमा कृषिप्रति, वातावरण संरक्षणप्रति र विपद् व्यवस्थापन तथा गरिबी न्यूनीकरणप्रतिको चासो गम्भीर पाएँ । त्यसैले उनीहरूको होस्टेमा हैँसे पुगोस् भनेर मैले प्रदेश सरकारमार्फत विपन्न परिवारको आर्थिक अवस्था उकास्न तथा दूध र मलमा आत्मनिर्भर तुल्याउन बजेट उपलब्ध गराएको हुँ । उनीहरूको कृषि र वातावरण संरक्षणप्रतिको उद्देश्य र सक्रियता दुवै राम्रो छ ।*

**रामेश्वर फुयाँल,** ***भौतिक पूर्वाधार विकास मन्त्री, वाग्मती प्रदेश***

# ३ नगरको हरियालीका लागि प्रयासहरू



**पार्वती खड्का**
अध्यक्ष,
माइती मञ्च दोलखा
*भीमेश्वर नगरपालिका-६,*
*दोलखा*

तपाईं दोलखा सदरमुकाम चरिकोटस्थित सातदोबाटोबाट चरिघ्याङतर्फ जाँदै हुनुहुन्छ ? जाँदै हुनुहुन्छ भने तपाईंले बाटोका दुवैतर्फका घरका ढोकाछेउ एकैखाले आकर्षक दृश्य देख्नुहुनेछ । पिआरसी र एमएमडी लेखिएका सुन्तला रङका एकैनासे ती गमलामा एउटामा धूपीको बिरूवा देख्नुहुनेछ भने अर्कोमा सदाबहार हरियो हुने (इन्डोर) बिरूवा देख्नुहुनेछ । यस्तो दृश्य २-४ घरअगाडि हैन, २०-३० घरमा मात्र पनि हैन, २५० घरमा देख्नुहुनेछ । जसले वातावरण स्वच्छ राख्न त सघाएका छन् नै तपाईंको आँखालाई भरमग्दुर मनोरञ्जन दिलाउन पनि उद्यत छन् यी गमला र बिरूवा ।

तपाईंले यो रोमाञ्चक दृश्य आन्नद गरिसकेपछि सोध्न सक्नुहुनेछ- यो कसरी सम्भव भयो त ? अनि आफैं अनुमान पनि लगाउनुभयो होला- नगरपालिकाले होला, वडा कार्यालयले होला, कुनै वागवानी फार्मले आफ्नो बजार विस्तारका लागि होला, नभए टोल सुधार समितिले होला । तर तपाईंका यी सबै अनुमान फेल खान्छन् जब तपाईं वास्तविकता थाहा पाउनुहुन्छ । हो, यो अरु कसैले हैन, दोलखाकै माइती मञ्च दोलखाको अगुवाइ र सक्रियतामा सम्भव भएको हो । तपाईंले फेरि मनमनै सोच्न सक्नुहुन्छ- माइती मञ्च, दोलखा त महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था हो । अनि यो बोटबिरूवातर्फ कसरी लाग्यो ? यो गमला मोह कसरी उत्पन्न भयो उसमा ? उत्तर यो संस्थाकी अध्यक्ष पार्वती खड्कासँग तयार छ- हो, हामी लामो समयदेखि बालबालिका र महिला अधिकारकै क्षेत्रमा काम गरिरहेका छौं । भविष्यमा पनि गर्छौं । तर जब हामीले स्वच्छ वातावरण र हरियालीबेगर मानव जीवन सहज नहुने बुझ्यौं, त्यसपछि वातावरणीय न्यायका लागि पनि काम गर्न थाल्यौं ।

अहिले आएर कसले भनिदिएछ माइती मञ्चलाई यो कुरा ? यो प्रश्नको पनि उत्तर हाजिर छ- विक्रम संवत् २०६५ देखि टेवासँग मिलेर काम गर्दै आएको माइती मञ्च डेढ वर्षदेखि भने प्रकृति रिसोर्सेस् सेन्टरसँग जोडिन पुग्यो । त्यो पनि टेवामार्फत नै । यो सेन्टरसँगको सङ्गतले मञ्चलाई वातावरणको महत्व बुझायो अनि यसको संरक्षणमा लाग्नुपर्ने चेतना बोध गरायो । यही वास्तविकता बोध भएपछि सेन्टरले

आयोजना गरेको २ वटा तालिममा सहभागी भए पार्वती र मञ्चका अन्य केही सदस्य ।

त्यसपछि त के चाहियो र ? आफूले अहिलेसम्म 'मिस गरेको' विषयका रूपमा वातावरणलाई लिए उनीहरूले । नगरपालिका र अन्य कार्यालयसँग मिलेर वातावरण जोगाउने, विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनका असरबाट कसरी बच्ने भन्ने जस्ता विषयमा अन्तरक्रिया नै थाले । त्यो पनि पटक-पटक । यतिमात्र हैन, तालिममै थाहा पाएअनुसार उनीहरू स्थानीय सरकारले विनियोजन गर्ने बजेटबारे जिज्ञासा राख्न थाले । कति छ, कहिले निकासा हुन्छ, कहाँ कहाँ गयो, के के गरियो, अब के के योजना छ, सदुपयोग भएको छ कि छैन ? यावत् प्रश्नको पोको बोकेर वडा र नगरपालिकाका सम्बन्धित विभागमा धाउन थाले । अनि आफ्ना लागि आवश्यक पर्ने बजेटको औचित्यसहित दाबीसमेत गर्न थाले ।

पार्वती भन्छिन्- 'वातावरणीय/पर्यावरणीय क्षेत्र हाम्रा लागि नौलो थियो । त्यसैले हामीले सोझै बजेट दाबी गर्नुभन्दा पनि यो क्षेत्रमा पहिले केही गरेर देखाउनु थियो । हाम्रो चुनौतीमा हामीलाई तालिम दिएर आँखा देखाइदिने प्रकृति रिसोर्सेस् सेन्टरले सहयोग गर्ने भयो । अर्थात केही घरमा नमुनाका रूपमा बिरूवासहितको गमला राख्न आर्थिक/प्राविधिक सहयोग गर्ने वचन दियो ।' त्यसपछि मञ्चले बजेट र क्षमताअनुसार योजना बनायो । जसअनुसार ७२ घरमा यस्ता बिरूवासहितका गमला राखिने निधो भयो ।

जब यो कुरा '१ कान, २ कान हुँदै मैदान' भयो, तब आफूहरू पनि गमला र बिरूवा राख्न इच्छुक भएको दाबी गर्नेहरूको सङ्ख्या बढ्दै गयो । यसरी ७२ घरलाई गरिएको योजना २५० घरलाई बाँडचुँड गर्नुपर्ने भयो । तर पनि मञ्चले हिम्मत हारेन । थप सहयोग जुटाएर सबै इच्छुकको इच्छा पूर्ण गरिदियो । सातदोबाटो-चरिघ्याङको यात्रामा हाल देखिने अनौठो दृश्यको रहस्य अरू केही नभएर यही हो । जसबाट दृश्यमात्रै राम्रो देखिएको छैन, राख्ने र हेर्ने दुवै मानिसका मन पनि प्रफुल्ल भएको महसुस सहजै गर्न सकिन्छ ।

अरस्तुले भनेका छन्- असल कामको सुरूवात नै आधा सम्पन्न हुनु हो । माइती मञ्च दोलखा यो कामलाई आफूले के के गरेको भन्ने पक्षमा छैन । तर जे गरिएको छ त्यो असल कामको सुरूवात भएको छ भन्दै पार्वती थप्छिन्- 'प्रकृति रिसोर्सेस् सेन्टरले देखाइदिएको मार्गमा हामी धेरै अगाडि बढ्ने प्रयास अवश्य गर्छौं' । यो काम देख्न सानै भए पनि प्रभावकारी भएकामा शङ्कै छैन किनकि भीमेश्वर नगरपालिकाका मेयरले समेत अब मञ्चको कामको सिको गर्दै सडकका छेउछेउमा यसैगरी हरियाली देखिने गमला राख्ने निधो सुनाइसकेका छन् मञ्चका पदाधिकारीलाई । दोस्रो चरणमा नगरका सबै घरमा यस्तै प्रयास गरिने पनि उनको योजना रहेछ । मेयरले राम्राखाले बिरूवा हेर्न मञ्चका सदस्यलाई समेत सिन्धुली जान निम्तो गरिसकेका छन् ।

त्यसो त पार्वतीहरूले प्रकृति रिसोर्सेस् सेन्टरले उपलब्ध गराएको तालिम र अन्य सहयोगलाई केही थान गमला र बिरूवा वितरणमा सीमित राखेका छैनन् । हरेक साता माइती मञ्चको समन्वयमा स्थानीय कालिञ्चोक एफएममा बज्ने जलवायु परिवर्तन र वातावरणसम्बन्धी चेतनामूलक कार्यक्रम पनि कम्ता उपलब्धिमूलक छैन । स्थानीय जनप्रतिनिधि, दलका नेता, पर्यावरणविद्, सम्बन्धित सङ्घ/संस्थाका प्रतिनिधि आदि बसेर वातावरणको महत्व, यसको संरक्षण, यसलाई हेला गर्दा हुने हानि र त्यसबाट बच्ने उपाय आदिबारे छलफल हुने चौतारी बनेको छ यो कार्यक्रम । पार्वती भन्छिन्- हाम्रो वडामा विपद् र वातावरणसँग सम्बन्धित कार्यक्रमका लागि १५ लाख रूपियाँ छुट्याइएको जानकारी वडाध्यक्ष मार्फत यही कार्यक्रममा सुनेर थाहा पाएकी हुँ ।

माइती मञ्च दोलखाका पदाधिकारी पहिले पहिले पनि स्थानीय तहमा जान्थे बजेट र कार्यक्रमबारे बुझ्न । तर त्यो बुझाइ महिला र बालबालिकाको क्षेत्रभन्दा बाहिर हुँदैनथ्यो । यो स्वाभाविक पनि थियो किनकि मञ्चले काम नै यही क्षेत्रमा गर्थ्यो । तर अहिले भने फरक छ । उनीहरू महिला र बालबालिकाको लक्षित बजेटबारे त सोध्छन् नै, साथै



*स्थानीय एफ.एम.मा आफ्नो कुरा राख्दै पार्वती खड्का ।*

वातावरण र विपद्सँग सम्बन्धित योजना, कार्यक्रम, बजेट आदिबारे पनि बुझ्न छुटाउँदैनन् । 'हामीले तालिम लिएपछि थपिएको विषय हो यो चाहिँ'– पार्वतीको प्रस्टीकरण छ । अघिल्लो वर्ष ज–जसले जे जे माग ल्याउँछ, त्यसैका आधारमा राख्ने गर्थ्यो नगरपालिकाले वातावरणसँग सम्बन्धित बजेट । यो पालिदेखि भने यो क्षेत्रमा यति नै रकम भनेर तोकेरै राख्ने आश्वासन मेयरबाट पाउनुलाई पनि सानै किन नहोस्, उपलब्धि ठान्छन् मञ्चका सदस्य । खासगरी उपमेयर आफैँ वन र वातावरण क्षेत्रमा धेरै वर्ष भिजेर खारिएर आएकाले आफ्ना मागप्रति संवेदनशील बन्ने गरेका भनाइ पनि पार्वतीको छ ।

## प्रभावकारी छ कार्यक्रम

*हामी माइती मञ्च दोलखाको समन्वय र प्रकृति रिसोर्सेस् सेन्टरको सहयोगमा वातावरणसम्बन्धी साप्ताहिक रेडियो कार्यक्रम सञ्चालन गर्छौं । यो कार्यक्रम थालेपछि स्थानीय पालिकाहरूले वातावरणसम्बन्धी बजेट बढाएका देखिन्छ भने यस सम्बन्धी नीति तथा कार्यक्रमले पनि प्राथमिकता पाएका छन् । सर्वसाधारण पनि यो विषयमा बढी जानकार भएका छन् । यसको प्रभावकारिता देखेपछि हामीलाई आफैँ पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्छ भन्ने लागेको छ ।*

**जीवन लामा, स्टेसन मेनेजर– कालिञ्चोक एफएम, दोलखा**

# ४ सामाजिक उत्तरदायित्वतर्फ सहकारी



**शारदा श्रेष्ठ**
*व्यवस्थापक,*
बेथानचोक सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी संस्था
बेथानचोक गाउँपालिका,
काभ्रेपलान्चोक
*(दायाँ अन्त्यमा)*

काभ्रेपलान्चोक जिल्लाको ऐतिहासिक नगर पनौतीबाट खोपासी हुँदै १३ किलोमिटर यात्रा गरेपछि आइपुग्छ बेथानथोक । अर्थात पनौतीबाट करिब एक/डेढ घण्टाको मोटर यात्रापछि आउने सुन्दर प्राकृतिक गाउँको नाम हो बेथानचोक । यही गाउँपालिकामा कार्यरत छ बेथानचोक सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी संस्था । जसका सदस्य नै २ हजार जना छन् । त्यो पनि सबै महिला । करिब ७ करोड निक्षेप रहेको यो सहकारीले आफ्ना सदस्यलाई विभिन्नखाले ऋण दिँदै आएको छ ताकि उनीहरूका समस्या समाधान होउन् ।

सहकारीले के गर्छ ? उत्तर सहज छ– सदस्य र गैरसदस्यबाट पैसा निक्षेप लिन्छ । अनि त्यसलाई ब्याज लिएर ऋण उपलब्ध गराउँछ । नाफा सेयर धनी र बचतकर्तालाई बाँड्छ । त्यही भएर नाममै 'बचत तथा ऋण' शब्द झुण्ड्याइएको हुन्छ । बेथानचोक सरस्वती नारी सहकारी पनि योभन्दा पृथक कसरी हुन सक्थ्यो र ? उसले पनि वर्षौंदेखि यही गर्दै आयो । तर डेढ वर्षअघिदेखि भने बेथानचोक सहकारीको ध्यान बचत र ऋणतर्फमात्र केन्द्रित छैन । यतिबेला यो सहकारी आफ्नो नियमित कामका अलावा आफ्ना सदस्यलाई जैविक तरकारी खेतीको तालिम उपलब्ध गराउँछ । यसका लागि जैविक मल, जैविक विषादी बनाउने तरिका सिकाउँछ । अनि यसबाट जैविक विविधतामा पुग्ने सहयोग जानकारी गराउँछ र, समग्रमा अर्गानिक खेती गर्न हौस्याउँछ आफ्ना सदस्यलाई ।

यही अभियानमार्फत गत वर्षमात्र उसले पालिकाबाट बजेट मागेर ल्यायो । अनि आफ्ना सदस्यलाई जैविक खेती कसरी गर्ने भन्नेबारे तालिम दियो । तालिम लिएका ६० जना यतिबेला सिकेको सिपलाई व्यवहारमा उतार्न तल्लीन छन् । 'तालिम लिएकाहरू त त्यसलाई व्यवहारमा उतार्न लागे नै, अरूले पनि यसतर्फ रूचि देखाएका कारण अब हामी थप बजेट जोहो गरेर अरूलाई पनि यस्तै तालिम दिने प्रयासमा

छौँ'- सहकारीकी व्यवस्थापक शारदा श्रेष्ठले सुनाइन् ।

उनीहरूले पालिकाबाट बजेट ल्याएर तालिम त सञ्चालन गरे । त्यसबाहेक सहकारीको भवन बनाउन पनि बजेट माग गरे । अचम्म त यो भयो कि उनीहरूले भवन बनाउन ५ लाख मागेका थिए तर पालिकाले पुग्दैन भनेर १२ लाख दियो । भवन बनाउने बजेट त्यतिमात्रमा कहाँ सीमित छ र, सांसद बसुन्धरा हुमागाईमार्फत पनि १५ लाख जुटाएका छन् । शारदा भन्छिन्- 'अहिले हामीले यो पैसाबाट ४ कोठे राम्रो भवन निर्माण गरिरहेका छौँ । जसबाट सेवा स्तरीय हुने अपेक्षा गरिएको छ ।' यसबाट असरबारे थाहा थियो न त प्लास्टिक प्रयोगबाट हुने हानिबारे नै । अहिले त यी सब कुरा बुझेका कारण हामी बचत र ऋणमा मात्र सीमित हुनुहुन्न भनेर वातावरण संरक्षण अनि विपद् व्यवस्थापन जस्ता पक्षमा पनि अग्रसर भएका हौँ ।

स्वच्छ वातावरणको महत्व बुझेका यो सहकारीका सदस्य यतिबेला यसलाई कायम राख्न आवश्यक गृहकार्यमा पनि जुटिसकेका छन् । यसबीचमा उनीहरूले ३ वटा पिउने पानीका मुहान सफा गरिसकेका छन् । अनि रासायनिक मल प्रयोगले माटोसहित वातावरण पनि प्रदूषित बनाउँछ भन्ने



समूहले आयोजना गरेको कार्यक्रममा आफ्नो कुरा राख्दै शारदा श्रेष्ठ ।

बुझिन्छ कि परियोजनाको जोड जलवायु, वातावरण र लैङ्गिक समानता आदि विषयमा महिला समूहहरूलाई जागरूक बनाउनेमै केन्द्रित हुन्छ । तर परियोजनासँग महिलाको संलग्नताले उनीहरूमा यी विषयका अलावा अन्य मुद्दा र विषयमा आवाज उठाउने, पैरवी गर्ने क्षमता र आत्मबल पनि बढेको छ ।

अहिले यो सहकारी पालिकासँग मिलेर फोहोर व्यवस्थापनमा पनि लागिपरेको छ । कुहिने वस्तु एकातिर र नकुहिने वस्तु अर्कोतिर छुट्याएर जम्मा पार्ने अभ्यास सुरू भएको छ । त्यतिमात्र हैन, रूख रोप्ने र वातावरण स्वच्छ राख्ने अभियानमा पनि सहकारी संलग्न हुन थालेको छ । शारदा भन्छिन्- हामीलाई पहिले त न जलवायु परिवर्तन र त्यसका बुझेकाले त्यसलाई विस्थापन गर्ने अभियानमा समेत सरिक भएका छन् । 'जैविक मल र विषादी बनाउने तालिम हामी आफैँले दिनुको कारण यही हो'- उनको प्रस्ट बुझाइ छ ।

पैसाको कारोबार गर्न स्थापना भएको र पैसाकै हिसाबकिताबमा लाग्दै आएको यो वित्तीय संस्था कसरी वातावरण, विपद् जस्ता क्षेत्रमा लाग्यो त ?, आफ्नै आम्दानी हुँदाहुँदै पनि थप कार्यका लागि कसरी पालिका तथा सम्भावित निकायसम्म पहुँच पुऱ्यायो त ?, बचत गर्न सिकाउने संस्थाले आफ्ना सदस्य महिलालाई जैविक खेतीपाती र फोहोर व्यवस्थापनमा अग्रसर गराउनुपर्ने आवश्यकता कसरी महसुस गऱ्यो त ?, अनि आर्थिकरूपमा सक्षम भएपछि

महिला अधिकार प्राप्तिमा हुने सहजता र हिंसा न्यूनीकरण हुने रहेछ भन्ने कसरी भेउ पायो त ?

माथिका हरफ पढिसकेपछि सबैको दिमागमा आउने आखिर यो 'गेम चेन्जर' के हो त भन्ने जिज्ञासा स्वाभाविक हो । जसको उत्तर यो सहकारीकी व्यवस्थापक शारदा यसरी दिन्छिन्- हामीलाई केही वर्षदेखि टेवा नामक संस्थाले सहयोग गरिरहेको थियो । यही संस्थाको समन्वयमा करिब डेढ वर्षअघि हामी प्रकृति रिसोर्सेस् सेन्टरसँग आबद्ध भयौँ ।

त्यसपछि उक्त संस्थाले हामीलाई धेरै प्राविधिक ज्ञान दियो, तालिम दियो । उक्त तालिममा बसेपछि मलगायत हाम्रो सहकारीको सदस्यलाई हामीले आर्थिक कारोबारमा मात्र केन्द्रित नभई कामको दायरा बढाउनुपर्ने रहेछ भन्ने महसुस भयो । यही महसुसीकरण नै सहकारीको कार्यशैली विस्तारको कारण बन्यो ।

आफूहरूलाई यसअघि जलवायु परिवर्तन भनेको के हो, यसले पार्ने असर र त्यसबाट बच्ने तरिका कस्तो हुन्छ भन्नेबारे केही थाहा नभएको बताउँदै उनी भन्छिन्- अहिले त हामी वातावरण संरक्षण र विपद् व्यवस्थापनबारे धेरै आधारभूत जानकारी हासिल भएको अवस्थामा छौँ । जसलाई व्यवहारमा पनि उतारिरहेका छौँ । आगामी दिनमा हामी यस्ता क्रियाकलाप हाम्रा सम्पूर्ण सदस्यसम्म विस्तार गर्ने अभियानमा लागिसकेका छौँ ।

यो त भयो वातावरणसँग सम्बन्धित पक्ष । शारदाहरूले प्रकृति रिसोर्सेस् सेन्टरको तालिममा बसेपछि थाहा पाएका अर्को विषय भनेको स्थानीय सरकारको लक्षित बजेट र त्यसमा पहुँच कसरी पुऱ्याउने भन्ने पनि हो । अनि कसरी योजना बनाउने, प्रस्ताव लेख्ने, बजेट अनुमान गर्ने र बजेट ल्याएर काम सम्पन्न गर्ने भन्ने पनि त्यतिबेलै सिकेका हुन् उनीहरूले । यसरी सिकेका कुरालाई सक्रियपूर्वक कार्यान्वयनमा ल्याइरहेको पनि उनी हौसिँदै सुनाउँछिन् । यसैको परिणाम हो कि उनीहरूले यसपटक पनि केही बजेट पारेका छन् आफ्नो मागअनुसार । 'हामीले सहकारीका सदस्यलाई तरकारी खेती र पशु व्यवस्थापन तालिम सञ्चालन गर्न बजेट मागेका थियौँ, पालिकाबाट त्यो माग यसपालाको बजेट तथा कार्यक्रममा समावेश भएको जानकारी पाएका छौँ', शारदाले सुनाइन्- अब हामी अरु सम्भाव्य निकायसमेत पहिचान गरेर उनीहरूको सहयोगमा हाम्रा सदस्य अर्थात महिला कृषकलाई खासगरी वातावरणीय न्यायका लागि अग्रसर बनाउन थप सक्रिय हुनेछौँ ।

केही समयअघि मात्र स्थानीय सरस्वती बचत तथा ऋण सहकारीसँग मर्ज भएको यो सहकारीले आफ्ना सदस्यलाई कृषि कर्म गर्न, छोरोछारी विदेश पठाउन, पशु पालन तथा घर बनाउनेलगायत कार्यका लागि ऋण प्रदान गर्दै आएको छ । अब सदस्यहरूको कर्मलाई वातावरणसँग जोड्ने गरी काम अघि बढाउने सोच आफूहरूको रहेको पनि उनै शारदा बताउँछिन् ।

**सहकारीका सदस्यमा वातावरणप्रति चासो बढ्यो**

*यतिबेला बेथानचोक सहकारीका महिलाको वातावरण संरक्षणप्रतिको सक्रियता आशलाग्दो देखिएको छ । उनीहरु भूक्षय रोक्ने र पशुलाई आहारा पनि हुनेखालको डाले घाँस लगाउन थालेका छन् । पालिकासँगको समन्वयमा गाउँको फोहोर व्यवस्थापनमा जुटेका छन् । पोषिलो खानाबारे चेतना जगाउन थालेका छन् । विद्यालयसँग मिलेर पनि फोहोरमैला व्यवस्थापन गर्दै आएका छन् । यही कारण गाउँ/टोल सफा देखिन थालेका छन् । समग्रमा यो सहकारीका सदस्यमा यतिबेला वातावरण संरक्षणप्रति अपूर्व चासो देखिन थालेको छ ।*

**रामकृष्ण श्रेष्ठ**, *निवर्तमान प्रधानाध्यापक- सरस्वती मावि, बेथानचोक*

# ५ ध्यान व्यावहारिकतामा




**ज्वाला बस्नेत**
*अध्यक्ष,*
ओजस्वी महिला विकास केन्द्र
नागार्जुन नगरपालिका-५,
काठमाडौं

वि.स. २०७३ सालमा नागार्जुन नगरपालिकामा दर्ता भई संचालन भएको काठमाडौंको सीतापाईलामा अवस्थित ओजस्वी महिला विकास केन्द्र आफ्ना ४० सदस्यहरूका लागि मात्र हैन, संस्थाका सदस्य नभएका महिलाहरूको पनि सामाजिक तथा आर्थिक स्तर उकास्न लागिपरेको छ । यस क्रममा उसले विभिन्न तालिम/अभिमुखीकरण, जनचेतनामूलक, क्षमता अभिवृद्धि, सीपमुलक र आय आर्जन जस्ता कार्यक्रमहरू त आयोजना गर्छ नै, साथै त्यससँग सम्बन्धित सहयोग पनि जुटाइदिन्छ । जसले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न भरपुर मद्दत पुग्छ ।

धेरै सङ्घ/संस्थाले तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण आदि कार्यक्रम आयोजना गर्छन् । यस्ता कार्यक्रममा गर्नुपर्ने कुरा सिकाइन्छ । तर कतिपयसँग यस्ता कार्यक्रममा भनिए अनुसार व्यवहारमा उतार्ने साधन स्रोत हुन्न । कार्यक्रमबाट फर्किएपछि बिर्सन्छन् वा त्यसलाई ध्यान दिदैनन । त्यसैले कार्यक्रममा गयो, कुरा सुन्यो, दिएछन् भने भत्ता पनि लियो, बस् घर आएपछि सबै बिर्स्यो हुन्छ धेरै सन्दर्भमा ।

तर ओजस्वी महिला विकास केन्द्र यो मामलामा फरक छ । स्थापना देखि नै नागार्जुन नगरपालिका तथा सामाजिक संस्था, ब्यक्तिहरूको समन्वय र आर्थिक सहयोगमा समुदाय स्तरमा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, तथा प्राङगारिक मल उत्पादन, सरसफाई तथा स्वास्थ्य, नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर, प्राथमिक उपचार तालिम, खाद्य स्वच्छता एवं गुणस्तर विषय सचेतना कार्यक्रम, ज्येष्ठ नागरिक सम्मान, महिला, किशोर किशोरीहरूलाई आत्म रक्षा तालिम, व्यवसायिक आर्गनिक तरकारी खेती तालिम कार्यक्रम साथै विविध समसामयिक विषयहरूमा जनचेतना जगाउने कार्य गर्दै आइरहेको छ ।

गत बर्ष जस्तै यस बर्ष पनि महिला लक्षित वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन अन्तरक्रिया कार्यक्रम सम्पन गऱ्यो । जसमा वातावरण संरक्षणका विविध पक्षबारे जानकारी गराइएको थियो । वातावरणमैत्री नगरपालिका बनाउन वातावरण संरक्षणमा जोड र, वातावरण संरक्षणका लागि महत्वपूर्ण फोहोरमैला कसरी व्यवस्थापन गर्ने भन्ने पनि बताइएको थियो ।

जब घरबाटै निस्कने फोहोरबाट कम्पोस्ट मल बनाउन सकिनेबारे जानकारी दिइयो धेरै सहभागी उत्साहित भए । 'उनीहरूको यो उत्साह देखेर हामीले सहभागी सबैलाई कम्पोस्ट बिन दियौँ'– केन्द्रकी अध्यक्ष ज्वाला बस्नेतले सुनाइन् ।

त्यतिमात्र हैन, नागार्जुन नगरपालिकाको वडा नं. ७ र ८ मा महिला, जनजाति, दलितहरूलाई लक्षित गरि व्यावसायिक प्राकृतिक (अर्गानिक) तरकारी खेती तालिम आयोजना गरेको थियो केन्द्रले । तालिममा आएका सहभागीले खासगरी अर्गानिक तरकारी उत्पादनबारे जानकारी हासिल गरेका थिए । त्यस क्रममा उनीहरूलाई जैविक मल, जैविक विषादि आदि बनाउने, उन्नत तवरले रोपराप र स्याहार गर्ने तरिका सिकाइएको थियो । साथै मौषम अनुसारको तरकारी बिउहरू, वेर्नाको छनौट रोप्ने तरिका बारे जानकारी गराइयो । यसरी तालिम सकेर जाने बेलामा सहभागी सबैलाई मौषम अनुसारको तरकारी बिउहरू, तथा कम्पोस्ट मल, हजारी, स्प्रे पम्प समेत उपलब्ध गराइएको थियो ।

त्यसैगरी नागार्जुन नगरपालिकाको आर्थिक सहयोगमा नगरपालिकाको वडा नं. ५ र ८ मा महिला, किशोर/किशोरीलाई लक्षित गरेर आयोजना गरिएको आत्मरक्षा तालिमका क्रममा जीवन उपयोगी आत्मरक्षाका उपायका सन्देश साथै सीप प्रदान गरिएको थियो । यस प्रकारको कार्यक्रमबाट थोरै मात्रामा भए पनि महिला, किशोर किशोरी माथी मानसिक तथा शारीरिक रूपले हुने हिंसामा कमि आउने कुरामा विस्वास गर्न सकिने बताउनु भयो ।

कुनै पनि तालिम होस् या गोष्ठी, व्यवहारमा लागु भएन भने त्यसको अर्थ नहुने आफ्नो बुझाइ सुनाउँदै ज्वाला भन्छिन्– 'त्यसैले हामी जे गर्छौं त्यसपछिको व्यावहारिकतामा जोड दिन्छौं ।' प्रकृति रिर्सोसेस् सेन्टरसँगको सहयोगमा, फोहोरमैला व्यवस्थापन तालिम दिइएपछि सबैलाई कम्पोष्ट बिन उपलब्ध गराउनुको कारण पनि यही व्यावहारिकतामा जोड थियो । परिणाम– यतिबेला यो तालिम लिने सबैका घरमा कम्पोस्ट बिन छ जसले घरबाटै निस्कने फोहोरलाई मलमा रूपान्तरण गरेका छन् । जुन मल करेसाबारीमा प्रयोग हुने गरेको छ भने त्यसले तरकारी उत्पादनमा योगदान पुर्‍याइरहेको देख्न सकिन्छ । 'एकातिर मल किन्नुपर्ने पैसा बचत अर्कोतर्फ घर/टोल सफा-सुग्घरमा सहयोग पुगेको '–उल्लेख गर्छिन् ज्वाला ।

निरन्तर अनुगमन यो संस्थाको फरक कार्यशैली हो । सोझै भन्दा धेरै संस्थाहरु कार्यक्रम गर्छन्, गच्छेअनुसारको सहयोग पनि गर्छन् तर त्यो सहभागीहरूले कार्यान्वयनमा ल्याउन् वा नल्याउन्, कुनै मतलव गर्दैनन् । कार्यक्रम गर्‍यो, त्यसलाई लक्षितहरूले मानून् वा नमानून्, टन्टै खत्तम भएको रूपमा हेर्छन् । ज्वाला भन्छिन्– हामीसँग तालिममा सहभागी सबैको सम्पर्क नम्बर हुन्छ । बेलाबेलामा उनीहरूलाई फोन गरेर तालिममा सिकेका कुरा कसरी कार्यान्वयन गरिएको छ भनेर सोध्छौँ । कुनै अप्ठेरो भए वा द्विविधा भए सोध्न भन्छौँ । अनि हामीले उपलब्ध गराएका सामग्री प्रयोगमा भए/नभएको सोध्छौँ र नभएको भए किन भनेर त्यसको समाधान पनि सुझाउँछौँ । नजिक भएका कतिपयको त घरमै पुगेर पनि अनुगमन गर्छौं । यस्ता कार्यहरू गर्न संस्थामा रहेका नौ जना कार्य समिति सदस्यको एक मत रहन्छ ।

यही क्रममा जब ज्वाला र उनको संस्थाका अन्य पदाधिकारी कुनै लाभग्राही वा संस्थाको सदस्यका घर पुग्छन् तब हेर्छन् कि उनीहरूले घरमै उत्पादन हुने फोहोरको व्यवस्थापन कसरी गरेका छन् ? अनि तालिममा सिकेका कुरा प्रयोग भएको छ कि छैन ?, तालिमका क्रममा उपलब्ध गराइएको कम्पोष्ट बिन, प्रयोगमा आएको छ कि छैन ? यदि छैन भने त्यसको कारण सोध्छन् र कुनै समस्या भए त्यसलाई पनि समाधान गर्ने प्रयास गर्छन् । नगरेका भए तिनलाई यसको फाइदा बुझाउँदै प्रयोग गर्न हौस्याउँछन् ।

'जब प्रकृति रिर्सोसेस् सेन्टरले उपलब्ध गराउने जनचेतनामुलक, क्षमता अभिवृद्धि तालिम जस्ता कार्यक्रम मार्फत आफूसँग जोडिएका विषयको




नगरपालिकाका प्रतिनिधिहरूसँग छलफल गर्दै ओजश्वी महिला समूहका सदस्यहरू ।

कार्यक्रम, नीति अनि बजेटबारे थाहा पाउँछौँ, त्यसकै आधारमा योजना राख्न र बजेट बढाउन नागार्जुन नगरपालिका र वडा कार्यालयहरूमा लबिङ गर्छौं । सरोकारवाला संस्था वा निकायलाई पनि यसबारे घच्घच्याउँछौँ । यसले गर्दा एकातिर विनियोजित बजेट सदुपयोग हुने गरेको छ भने अर्कोतिर वास्तवमै बजेट लक्षित समूह/समुदायमै पुग्ने वातावरण सिर्जना हुन पुगेको छ'– उनले अगाडि थपिन् । आफूहरूले सम्पन्न गरेका यी कार्यमा नागार्जुन नगरपालिका र प्रकृति रिर्सोसेस सेन्टरको आर्थिक र प्राविधिक सहयोग रहेको र भरमग्दुर सघाइरहेको पनि खुसी हुँदै ज्वाला बताउँछिन् ।

**संस्थाले आयोजना गरेको काम सह्रानीय छ**

*ओजस्वी महिला विकास केन्द्रले हामीलाई वातावरण संरक्षण र विपद् व्यवस्थापन जस्ता विषयमा बेलाबेलामा घच्घच्याउने काम गर्दै आएको छ । हामीले संस्थासँग मिलेर यस बर्ष केही काम पनि गरेका छौँ । यसरी वडा कार्यालयसँग सहकार्य गरेर सामाजिक रूपान्तरणको लागि अघि बढ्ने यो केन्द्रको सोच राम्रो छ । अब हामी आय आर्जन, कृषि, पर्यावरण, कानुनी सचेतनता आदि क्षेत्रमा प्राथमिकता साथ अघि बढ्ने छौँ । त्यस क्रममा पनि यो केन्द्र जस्ता संस्थासँग सहकार्य गर्न र नाता गाँस्न मन परेको छ ।*

**शुक्रबहादुर तामाङ**, *वडा अध्यक्ष- नागार्जुन नगरपालिका-८, काठमाडौं*

# ६ जब टेवा र पिआरसीको भेट भयो...




लामो समय देखि महिला अधिकार र उनीहरूको शसक्तिकरणको लागि क्रियाशील टेवालाई काम गर्ने क्रममा महसुस भयो कि हामीले गरिहेका काम दिगो र अझ प्रभावकारी बनाउने हो भने यसलाई वातावरणीय दृष्टिकोणबाट पनि अघि बढाउनुपर्छ । जब वातावरण नै संरक्षण हुन सकेन भने त्यसबाट सबैभन्दा बढी प्रभावित हुने महिला नै हुन् । यस्तो अवस्थामा हामीले जति सहयोग गरे पनि त्यो कसरी दिगो हुन सक्छ र ? महसुस त भयो तर वातावरण बढी प्राविधिक विषय भएको र यसमा टेवाको सिमित ज्ञानलेमात्र महिला समूहहरूलाई यसबारे बुझाउने र उनीहरूले निरन्तर गर्दै आएका क्रियाकलापमा समावेश गर्न सघाउन सकिन्नथ्यो । तसर्थ टेवा वातावरण बिषय विज्ञ कुनै संस्थासँग मिलेर अघि बढ्ने अवसरको खोजीमा थियो ।

अर्कोतर्फ वातावरण संरक्षणलाई मुख्य कर्म बनाएर अघि बढिरहेको प्रकृति रिसोर्सेस् सेन्टर जलवायु परिवर्तन, वातावरण शिक्षा जस्ता विषयमार्फत वातावरणसम्बन्धी चेतना जगाउने, क्षमता वृद्धि गर्ने तथा सर्वसाधारणलाई यसतर्फ प्रेरित गर्ने कार्य गर्दै आएको थियो । यस क्रममा वातावरण संरक्षण नहुँदा त्यसबाट निम्तने दुष्परिणामको सिकार सबैभन्दा बढी महिला नै हुने उसको पनि बुझाइ भयो । त्यसैले अब आफ्ना केही क्रियाकलाप महिला केन्द्रित हुनुपर्ने महसुस गऱ्यो ।

महसुस त भयो । त्यसपछि ऊ सामु पनि द्विविधा खडा भयो यसका लागि १-२ महिला भन्दा पनि महिलाकै समूहमा काम गर्नुपर्छ । त्यसका लागि आफैँ नयाँ महिला समूह बनाउने वा यस अघि नै गठित र काम गरिरहेका महिला समूहमा गएर काम गर्ने ? आफैँ महिला समूह बनाउँदै हिँड्दा पहिलो त केही समय त्यसैमा खेर जान्थ्यो भने परियोजना सकिएपछि ती समूह अलपत्र पर्ने स्थिति आउन पनि सक्थ्यो । अर्कोतर्फ नयाँ भन्दा पुरानो समूहका

अनुभवी हुने हुनाले त्यस्तो समूहमा काम गर्दा प्रभाव चाँडो पर्थ्यो । तर यस्तो समूह कसको होला ? कुन संस्थासँग मिलेर जाँदा आफ्नो उद्देश्य प्रभावकारी होला ? पिआरसीका पदाधिकारी पनि बुझ्नतर्फ लागे ।

## महिला अधिकार र वातावरणीय न्यायका लागि सहकार्य

हामी देशभरका समूहमा महिला अधिकारबारे काम गर्थ्यौं । उनीहरूलाई अनुदान दिन्थ्यौं, क्षमता अभिवृद्धि तालिम दिन्थ्यौं तर यस्ता तालिममा वातावरणीय न्याय पर्दैनथ्यो । खासमा भन्दा हामीले महिलालाई सशक्त तुल्याउन उनीहरूको वातावरण सम्बन्धि अधिकारका बारेमा पनि बुझाउन अत्यावश्यक हुन्छ भन्ने हामीले राम्रोसँग बुझेका थिएनौं । ५ वर्ष जति अघिमात्र हामीले यो विषय महसुस गरेका हौं ।

त्यसपछि हाम्रो काम गराइमा वातावरण पनि समेट्न खोज्यौं । हामीसँग यसबारे प्राविधिक ज्ञानको कमी थियो अर्थात वातावरणीय ज्ञान भएका जनशक्ति टेवासँग थिएन । त्यसैले वातावरणसम्बन्धी ज्ञान भएका व्यक्ति वा समूह खोज्ने क्रममा हाम्रो भेट पिआरसीसँग भयो । त्यसपछि मिलेर जाने सहमति भयो । हामीले गठन गरेका र सहयोग गरेका महिला समूह पहिले नै थिए । त्यस्ता समूहमा काम गर्न सहज पनि हुन्थ्यो । पिआरसी पनि यस्तै खोजीमा रहेछ ।

यसरी हाम्रो उद्देश्य मिल्नु नै विभिन्न समूहमा आबद्ध महिलाको क्षमता वृद्धिको आधार बन्न सक्यो । जसले महिला अधिकार सँगसँगै वातावरण विषय पनि जोडेर काम गर्न थालियो । यस अर्थमा पिआरसीसँगको सहकार्य हामी र हाम्रा महिला समूहका लागि पनि निकै फलादायी हुन पुगेको छ ।

**अनुजा श्रेष्ठ** *ग्रान्ट मेकिङ मेनेजर, टेवा*

भगवानले भन्छन् रे- तँ आँट, म पुर्‍याउँछु । मात्र ३ वर्षअघिको कुरा हो । खोज्ने/बुझ्ने क्रममा के गर्ने, कसो गर्ने भन्ने द्विविधामा रहेका यी दुवै संस्थाको भेट भयो । केही चरणको भलाकुसारीपछि संयुक्तरूपमा काम अघि बढाउने सहमति भयो । टेवाले महिला समूहलाई आर्थिक तथा क्षमता अभिवृद्धि सहयोग उपलब्ध गराउँदै आएको थियो । यता पिआरसी यस्तै उत्साहित समूहको खोजीमा थियो । तसर्थ दुवै संस्था मिलेर अघि बढ्न तयार भइहाले ।

त्यसपछि टेवाले उपलब्ध गराउने क्षमता अभिवृद्धि तालिममा वातावरणीय न्यायले पनि स्थान पाउन थाल्यो । उता पिआरसीले महिला समूहका लागि तयार पार्ने तालिममा वातावरण संरक्षणका अलावा महिला अधिकार र स्थानीय सरकारको लक्षित बजेट अनि योजना तर्जुमा प्रक्रियामा सहभागिता जस्ता विषय पनि थपियो । सोझो अर्थमा भन्दा यी दुई निकायको समन्वयमा हुने क्षमता अभिवृद्धि तालिम होस् या अन्य क्रियाकलाप, महिलासँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले वातावरण संरक्षण र महिला अधिकारका विषय सँगसँगै जान थाले अनि यी विषयमा महिला समूहको चासो पनि बढ्न थाल्यो ।

हुन त टेवासँग आबद्ध ५२० वटा महिला समूह छन् । ७० जिल्लामा फैलिएका यी सबै समूहमा पुग्न नसके पनि टेवा र पिआरसीको यो समन्वयात्मक पहलले १९ जिल्लाका ३२ महिला समूहलाई भने प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उत्प्रेरित गर्न भ्याइसकेको छ । ३ वर्षयता गरिएका गतिविधि र बढाइएको क्षमताको नतिजा पनि आउन थालिसकेको छ । जसले टेवा र पिआरसीका पदाधिकारीलाई उत्साहित तुल्याएको छ । यही कारण उनीहरु अब थप जिल्ला र महिला समूहमा पनि यस्तै गतिविधि सञ्चालन गर्ने योजना बुन्न लागिसकेका छन् ।

## टेवा र पिआरसीको संयुक्त पहलकदमीका केही नतिजा

जब यी दुई निकायबीच समन्वय भएर संयुक्तरूपमा तालिम, कार्यशाला, बैठक भ्रमण आदि आयोजना गरिए त्यसपछि उसै त सक्रिय महिला समूह त्यसमाथि पनि झन् सक्रिय हुन थाले । यो सक्रियताको क्षेत्र भने फरक रह्यो- पहिले उनीहरु वृक्षा रोपणलाई वातावरण संरक्षणको एकसूत्रीय मन्त्र ठान्थे । प्लास्टिकले हुने हानि थाहै थिएन । वन नासिँदा घाँसपात र दाउरा ओसार्न अप्ठेरो पर्ने र त्यसको असर महिलालाई पर्छ भन्ने गहिरो बुझाइ थिएन ।



तलिममा सहभागी महिला समूहहरूसँग अन्तर्क्रिया गर्दै पि.आर.सी. र टेवाका सदस्यहरू ।

अनि मुहान सुक्दा पानी लिन टाढा जानुपर्ने र समय धेरै लाग्ने विषय वातावरणसँग सम्बन्धित छ भन्ने मेसो पनि थिएन । अब भने उनीहरूको ध्यान यसतर्फ जान थाल्यो । वातावरण विनाश हुन दिएर तथा यसप्रति आँखा चिम्लेर महिला अधिकार प्राप्त हुन सक्दैन र भए पनि त्यसको अर्थ हुँदैन भन्ने बुझाइ भयो । उनीहरूले गर्ने हरेक गतिविधि र कार्यक्रममा वातावरणीय न्यायले पनि स्थान पाउन थाल्यो । साथै उनीहरू स्थनीय पालिका र समुदायहरूसँग समन्वय गर्दै महिला अधिकार र वातावरणीय न्यायका मुद्दामा वकालत गर्न सक्षम भएका छन् ।

बर्दियाको बढैयाताल गाउँपालिकामा जनजागरण महिला समूह छ । जसले टेवा र पिआरसीद्वारा संयुक्तरूपमा आयोजित तालिम लिएपछि विपद् रोक्न नसकिए पनि त्यसबाट हुने हानि न्यूनीकरण गर्न सकिने थाहा पायो । यसरी थाहा पाइसकेपछि उसले टेवाबाट प्राप्त आर्थिक सहयोगमा थपथाप गर्न गाउँपालिकासँग बजेट माग गरी सबै वडाका खासगरी महिलालाई विपद् तयारी सम्बन्धी तालिम उपलब्ध गरायो । अहिले यहाँका महिला सम्भावित डुवानबारे सतर्क हुने मात्र हैन, महिलालाई बढी प्रभाव पार्ने हुदा अरूलाई समेत यसबारे सम्झाउन थालेका छन् ।

टाढा जानै पर्दैन, काठमाडौँकै तारकेश्वर नगरपालिकाको सिर्जनशील महिला समूहले त स्थानीय सरकारको मन जितेर नदी नियन्त्रणको काम समेत सम्पन्न गरि सक्यो । उनीहरूले कमेरे नदीमा तटबन्ध निर्माणको काम गरे । यसरी उनीहरूले एकातर्फ आफ्नो क्षमता प्रमाणित गर्न सके भने अर्कोतर्फ स्थानीय सरकारमात्र हैन, सर्वसाधारणको समेत विश्वास जिते ।

धादिङको ज्वालामुखी गाउँपालिकामा दिदीबहिनी महिला कृषि सहकारी संस्था लिमिटेड छ । जब उनीहरूले टेवा र पिआरसीले मिलेर दिएका तालिम लिए त्यसपछि गाउँमा प्लाष्टिक व्यवस्थापनमा जुटे । यसरी प्लाष्टिक व्यवस्थापनमा जुट्ने क्रममा थाहा भयो कि वैकल्पिक व्यवस्था गरिएन भने प्लाष्टिकको प्रयोग रोक्न असम्भव छ । त्यसपछि उनीहरूले जुक्ति निकाले- वनमा पात त्यत्तिकै खेर गइरहेको छ, अब त्यसबाट दुना/टपरी बनाउने । यसो गर्दा प्लाष्टिकको विकल्प पनि हुने र संस्था तथा यसका सदस्यलाई केही आम्दानी पनि हुने । यसकालागि टेवाले उक्त संस्थालाई मेशिन किन्न सहयोग गर्नुकासाथै तालिम पनि उपब्ध गरायो । नभन्दै उनीहरूले दुना/टपरी बनाउन थाले । अहिले त यसले व्यवसायकै रूप धारण गरिसक्यो । लकडाउनका बेला अन्य काम नभएकाले

धेरै महिला यही व्यवसायमा लागे । खासगरी क्वारेन्टाइनहरूमा खाना खानका लागि दुना/टपरीको व्यापक माग भयो । यो अवधिमा मात्र उनीहरूले करिब २५ हजार रूपियाँको दुना/टपरी बेचे । यसले एकातिर स्थानीय स्रोत उपयोगमा आइ प्लास्टिक प्रयोगलाई न्यून गरायो भने अर्कोतर्फ अरु कुनै काम नभएका बेला महिलालाई आम्दानीको बाटो दिलायो । उनीहरूको यही जाँगर र अभिरूचि देखेर अब टेवाले दुना/टपरी बनाउन सहज होस् भनेर मेसिन किन्न अनुदानसमेत दिँदैछ ।

टेवा र पिआरसीको तालिम तथा अभिमुखीकरणपछि महिला समूहहरूले धेरै प्रगति गरेका छन् । महिला अधिकार, हिंसा न्यूनीकरण तथा आर्थिक उपार्जनमा केन्द्रित यस्ता समूह अहिले भने महिलाका लागि वातावरणीय न्याय पनि यी विषय जत्तिकै महत्वपूर्ण रहेछन् भन्ने निष्कर्षमा पुगेका छन् ।

त्यसैले उनीहरु यतिखेर आफूले तालिममा सिकेअनुसार पालिकाको योजना तर्जुमा हुने बेलादेखि नै आफ्ना समस्या प्रक्रियागतरूपमा राख्छन् र बजेट माग गर्छन् । स्रोत खोजी गर्छन् र समस्याबारे कन्भिन्स गराउँछन् । बजेट ल्याउँछन् र समस्या समाधानको पहल गर्छन् । माथि उल्लिखित त केही नमुनामात्र हुन्, तालिमपछि हासिल उपलब्धि प्रशस्तै छन् ।

## अहिलेको उपलब्धि सहकार्यको प्रतिफल हो

*वातावरणीय न्याय र महिला अधिकार फरक फरक ठाउँबाट सोचिएको थियो । काम गर्ने निकाय नै फरक थिए । यसको अन्तरसम्बन्धबारे सोचिएकै थिएन । यस अर्थमा वातावरणलाई बिरूवा रोप्ने र हरियालीको दृष्टिकोणबाट मात्र हेरियो । सरसफाइ, मुहान संरक्षण, बाढी/पहिरो आदि पनि जोडिएका हुन्छन् भन्नेतर्फ ध्यानै गएन । जबकि यी दुई पक्षलाई अलग राखेर अघि बढ्नै सकिन्न ।*

*हामीले यही बुझेर नै महिला अधिकारको क्षेत्रमा लामो अनुभव भएको टेवा र वातावरण संरक्षणको क्षेत्रमा कार्यरत पिआरसीबीच सहकार्य आवश्यक ठानेका हौँ । टेवासँग आबद्ध महिला समूहमा काम गर्दा त्यो बढी प्रभावकारी हुन्छ भन्ने निष्कर्षमा हामी दुवै संस्था पुग्यौँ । यसरी दुवै संस्था मिलेर वातावरणीय न्याय र यसका लागि पालिकासँग समन्वय गर्ने विषयमा महिलाको क्षमता अभिवृद्धि गराउने काम भए । कतिपय महिला समूहका लागि वातावरणको विषय नौलो थियो भने कतिपयले सामान्य काम गरे पनि बुझाइ सतही थियो । त्यसैले तालिमले उनीहरूमा यसबारे निखारपन ल्यायो । अहिले तालिमपछि विभिन्न समूहले निकै उपलब्धिमूलक काम गरेका छन् । यो सबै टेवा र पिआरसीबीचको समन्वयको प्रतिफल हो भन्ने लाग्छ ।*

**प्रवीनमान सिंह**, *कार्यक्रम निर्देशक, पिआरसी*

# ८ प्रभावकारी बन्दै सि एन्ड डि डायलग



नेपालमा वातावरण र जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने धेरै संस्था छन् । विकासको बहस र वकालत गर्ने निकाय पनि गैरसरकारी क्षेत्रमै प्रशस्तै देखिन्छन् । यी सबैले आआफ्नो क्षेत्रमा केही न केही काम अवश्य गरेका छन् र कतिपय अवस्थामा प्रभाव पनि देखिँदै आएको छ ।

जब केही विज्ञले जलवायु परिवर्तन र विकासबीचको अन्तरसम्बन्धबारे बहस चलाउनु आवश्यक देखे, जलवायु र विकास संवाद जन्मको आधार यही आवश्यकता बन्यो । अर्थात उनीहरूकै पहलमा ३ वर्षअघि गठन भयो- क्लाइमेट एन्ड डेभलपमेन्ट डायलग । जसलाई छोटकरीमा सि एन्ड डि डायलग भन्न थालियो ।

११ वटा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आबद्ध यो संवाद विशुद्ध जलवायु परिवर्तन र यससँग जोडिएका विकासका विभिन्न आयामका अन्तरसम्बन्ध केलाउन केन्द्रित हुँदै आएको छ । अनौपचारिक संवादका रूपमा यसले एकातिर सदस्य संस्थाबीच सिकाइ आदान-प्रदान गर्ने, क्षमता अभिवृद्धि गर्ने साथै सरकारलाई यस विषयमा घच्घच्याउने काम गर्छ । यसमा आबद्ध एक सदस्य डानचर्च एड नेपाल (डिसिए नेपाल) का निवर्तमान प्रोग्राम मेनेजर राजेन्द्र खनाल भन्छन्- यो संवादले सरकारलाई रचनात्मक सुझाव दिने गरेको छ । चाहे त्यो नीतिगत सवालमा होस् वा कार्यक्रमिक हिसाबमा ।

यो संवादले सरकारलाई उचित रणनीति बनाउन सुझाउनेमात्र हैन, सघाउने पनि काम गर्छ । खासगरी वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई आवश्यक सुझाव दिने गर्छ । त्यस्तो सुझाव व्यक्तिगत हैन, कुनै एक संस्थाको प्रतिनिधित्व हुने गरी पनि हैन, विभिन्न कार्यक्रम र छलफलबाट निखारिएका हुने गर्छन् । खनालको दाबी छ- त्यसैले त यो संवादका तर्फबाट दिइएका धेरैजसो सुझाव सरकारी निकायले सकारात्मकरूपमा ग्रहण गर्ने अवस्था सिर्जना भएको छ ।

जस्तो- सरकार आफैँले बनाएको जलवायु परिवर्तन नीति २०७६ गत वर्ष परिमार्जन भयो । यो परिमार्जित नीतिमा महिलासँग अन्तरसम्बन्धित विषय पनि समावेश छन् जबकि यसबारे घच्घच्याउने काममा यो संवादको महत्वपूर्ण भूमिका थियो । आफूहरूले खासगरी पिछडिएका समुदाय र त्यसमा पनि बढी जोखिममा रहेकालाई केन्द्रमा राखेर छलफल,



*सि एण्ड डि डायलगको तर्फबाट राष्ट्रिय योजना आयोगमा ज्ञापन पत्र बुझाउँदै राजेन्द्र खनाल ।*

संवाद चलाउँदै आएको खनाल बताउँछन् । उनको भनाइ छ– महिला कृषकमैत्री औजार, विपन्नमुखी प्रविधि, स्थानीय तहमा आधारित सरकारी अनुदान र त्यस्ता योजनामा महिला तथा विपन्नलाई अग्रपङ्तिमा राख्ने विषय यो संवादले उठाउँदै आएको छ र सम्बन्धित ठाउँमा यसका लागि लबिङसमेत गर्दै आएको छ ।

ज्ञापनपत्र बुझाउने, छलफल चलाउने, क्षमता अभिवृद्धि तालिम दिने तथा गोष्ठीहरू सञ्चालन गरेर यो विषयप्रति सरोकारवालाको ध्यानाकर्षण गराउने यो संवादले अपनाएको कार्यशैली हो । त्यतिमात्र नभई जलवायु परिवर्तनसँग सम्बन्धित आर्थिक/सामाजिक पाटो र नीतिहरूबारे पनि बहस केन्द्रित हुने गर्छ । त्यसैले आवश्यकतामा आधारित भएकाले यसको महत्व केही वाक्यमा सीमित हुनै सक्दैन ।

डायलगकै अर्को सदस्य कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक नेपाल) कि वातावरण, जलवायु परिवर्तन र पैरवी प्रबन्धक गीता पाण्डे पनि जलवायु तथा वातावरण र विकासको अन्तरसम्बन्ध हेर्ने निकाय अभाव भएका बेला यो संवाद गठन हुनु निकै औचित्यपूर्ण छ भन्छिन् । विभिन्न संस्थाले आआफ्नो विज्ञता भएका क्षेत्रमा काम गरिरहेका तथा संयुक्तरूपमा अन्य विषय वातावरणसँग जोडिन नसकेका बेला यो संवादले ती सबैलाई एकै थलोमा ल्याएर एकै स्वर बनाउन सक्षम भएको उनको बुझाइ छ ।

यो संवाद एकअर्काबाट विभिन्नखाले विज्ञताबारे ज्ञान हासिल गर्ने, त्यसलाई प्रशोधन गर्ने र व्यवहारमा उतार्ने त्रिवेणीसमेत हुन सकेको उनको भनाइ छ । कुनै पनि समुदायको आर्थिक अवस्था सुदृढ हुने, ज्ञानको भण्डार बढ्ने, कार्यबोझ कम हुने र समग्रमा उनीहरू सशक्त हुने पक्षमा वातावरणीय न्यायको ठूलो भूमिका यसले छर्लङ्ग्याइदिएको छ । त्यसैले त गीता भन्छिन्– अहिले यो डायलगसँग जोडिएका वा सम्पर्कमा रहेका चाहे जुनसुकै क्षेत्रमा काम गर्ने किन नहुन्, कार्यक्रमहरूमा आफ्ना भनाइ राख्दा वातावरणीय संवेदनशीलता जोड्न थालेका छन् । यसको सोझो अर्थ हो– यो विषयले वैधानिकता पाउनु । चाहे त्यो सरकारी निकाय होस् या गैरसरकारीमा ।




*सि एण्ड डि डायलगको कार्यक्रममा सहभागी हुँदै प्रतिनिधि सभा सदस्य, राष्ट्रिय योजना आयोग र वातावरण मन्त्रालयका प्रतिनिधिहरू ।*

**सि एन्ड डि डायलगमा आबद्ध संस्थाहरू**

१. एक्सन एड नेपाल
२. केयर नेपाल
३. डिसिए नेपाल
४. दिदीबहिनी नेपाल
५. हेल्भेटास
६. हिमवन्ती नेपाल
७. किर्डाक
८. प्राक्टिकल एक्सन नेपाल
९. प्रकृति रिसोर्सेस सेन्टर
१०. साहस नेपाल
११. टेवा

किर्डाकले आफ्नो स्थापना कालदेखि नै कर्णाली क्षेत्रको विकास र परिवर्तनका लागि नेतृत्वदायी वैकल्पिक र विकास साझेदारको भूमिका निर्वाह गरिरहेको छ । समुदायसँगको प्रत्यक्ष सहभागिता, समन्वय र साझेदारीमा किर्डाकले मानवअधिकारमा आधारित विकासको नमुना प्रस्तुत गरेको छ । यसले कर्णाली क्षेत्रको विकासका लागि मानवअधिकार प्रवर्द्धन, समुदाय सशक्तिकरण, संचार, नागरिक समाजका परिचालन, विकासको अगुवाई, सहजिकरण र नीति वकालत गर्दै आएको छ । यस अर्थमा वातावरणीय न्याय किर्डाकका लागि पनि नयाँ विषय हो । त्यसैले गीता भन्छिन्- हाम्रा लागि पनि यो नयाँ विषय हो । यही कारण म संस्थाको प्रतिनिधित्व गर्दै संवादमा सहभागी हुन थालेपछि आफैं पनि यसबारे धेरै जानकारी हासिल गर्न सकें । जलवायु बजेटमात्र हैन, नीतिहरूबारे पनि धेरै जानकारी हासिल हुन सकेको छ । यस अर्थमा सिक्ने र सिकाउने दुवैका लागि उपयुक्त थलो बनेको छ सि एन्ड डि डायलग । अब यो निकायले कुनै निश्चित अवधि तोकेर त्यो अवधिभर के के उपलब्धि हासिल गर्ने भनेर रणनीतिसहित अघि बढ्दा उपयुक्त हुने सुझाव पनि छ गीताको ।

विज्ञहरु सम्मिलित भएकाले पनि होला, सरकारी निकायबाट पूर्णरूपमा पत्याइनु यो डायलगको सबैभन्दा महत्वपूर्ण उपलब्धि भएको खनाल र पाण्डे दुवैको स्वीकारोक्ति छ । यिनीहरूले दिएका सुझाव व्यावहारिकतामा आधारित र सुझबुझपूर्ण हुन्छ भन्ने छाप सरकारी पदाधिकारीमा परेको छ । त्यसैले उनीहरु डायलगका प्रतिनिधिलाई समय दिन्छन् भने यो विषयमा बसेर छलफल गर्न अनि त्यसलाई ग्रहण

गर्न पनि जुनसुकै बेला तयार हुने गरेको दुवैको साझा अनुभव छ ।

यो डायलगले सङ्ख्यात्मक हिसाबमा धेरै काम गरेन होला तर जति गरेको छ त्यो प्रभावकारी छ । सरकारी निकायले आफ्ना दस्तावेजमा यो डायलगका तर्फबाट उपलब्ध गराइएका सुझाव ग्रहण गर्नु नै त्यसको ज्वलन्त प्रमाण हो । यो डायलगले अहिलेसम्म सम्पन्न गरेका महत्वपूर्ण काममध्ये जलवायु परिवर्तन र विकास विषयक राष्ट्रिय स्तरको राउन्डटेबल आयोजना गर्नु, राष्ट्रिय योजना आयोगका पदाधिकारीसमक्ष नेसनल राउन्डटेबलबाट प्राप्त सुझाव पेश गर्नु, जलवायु वित्त र नेपालको जलवायु बजेटबारे अन्तरक्रिया कार्यक्रम आयोजना गर्नु, लैङ्गिकता र जलवायु वित्तबारे अभिमुखीकरण आयोजना तथा प्राक्टिसनर्स अन क्लाइमेट चेन्ज लिङ्किङ प्राक्टिसेज टु पोलिसी विषय राष्ट्रिय स्तरको कार्यक्रम आदि छन् । जसको प्रभाव राष्ट्रिय नीति तथा दस्तावेजहरूमा देखिँदै जान थाल्नु सुखद् पक्ष मान्न सकिन्छ ।

Prakriti Resources Centre

प्रकृति रिसोर्सेस् सेन्टर
१०७/२२ अरुणा लामा मार्ग, गणेश बस्ती,
नारायण गोपाल चोक, काठमाडौं, नेपाल
फोन नम्बर ०१-४४२८६०२
info@gmail.com | www.prc.org.np